दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३७ | अंक ११५ | बुटवल | २०८२ बैशाख ०९, गते मंगलबार | नेपाल संवत ११४५ | Tuesday Apr. 22, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini



**जन्म दर्ता गर्न आवश्यक कागजात**

-आमा वा बाबुको नागरिकता प्रमाणपत्रको प्रतिलिपि
-सूचकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि
-स्वास्थ्य संस्था, अस्पतालमा जन्म भएको भए उक्त संस्थाबाट जारी जन्म प्रमाण ।
-घरमा जन्म भएको हकमा खोप कार्ड,
-बाबु बेपत्ता वा ठेगाना थाहा नभएको भए सो सम्बन्धी प्रहरी प्रतिवेदन ।

लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल


## शिक्षामन्त्रीले किन दिइन् राजीनामा ?



बुटवल । शिक्षामन्त्री विद्या भट्टराईले राजीनामा दिएकी छन् । शिक्षकहरूको सडक आन्दोलन लम्बिइरहेका बेला मन्त्री भट्टराईले सोमबार दिउँसो प्रधानमन्त्रीलाई भेटेर राजीनामा बुझाएकी हुन् ।

शिक्षकहरू २० दिनदेखि राजधानीकेन्द्रित सडक आन्दोलनमा छन् । शिक्षकहरूसँग सहमति हुन नसकिरहेका बेला केही समयदेखि शिक्षामन्त्री भट्टराई दबाबमा थिइन् । शिक्षक आन्दोलनको विषयलाई लिएर मन्त्रिपरिषद्को बैठक बस्नुअघि मन्त्री भट्टराईले राजीनामा गरेकी हुन् ।

सोमबार बस्ने मन्त्रिपरिषद् बैठकले शिक्षक आन्दोलनबारे कुनै निर्णय लिने अपेक्षा गरिएको थियो । विभिन्न माग राखी देशभरका सरकारी शिक्षकले चैत २० देखि काठमाडौंमा प्रदर्शन गरिरहेका छन् । शिक्षकको माग सम्बोधन गर्न भन्दै सरकारले संसद्को बजेट अधिवेशन बैशाख १२ देखि बोलाएको छ ।

कास्की २ बाट निर्वाचित एमाले सांसद भट्टराई २०८१ असार ३१ गते शिक्षामन्त्री नियुक्त भएकी थिइन् । प्राध्यापन पृष्ट भूमिबाट राजनीतिमा आएकी भट्टराई पहिलोपटक शिक्षामन्त्री बनेकी थिइन् । मन्त्री भट्टराईले स्वास्थ्यको कारण देखाएकी छिन् ।

तर, शिक्षामन्त्री निकट स्रोत भने स्वास्थ्यमात्रै नभइ शिक्षक आन्दोलनका कारण परेको पछिल्लो दबाब पनि राजीनामाको कारण भएको बताउँछ ।

» *बाँकी ३ पेजमा*

## शिक्षकका मागमा नेगेटिभ छैनौं : प्रधानमन्त्री



बुटवल । प्रधानमन्त्री केपी शर्मा ओलीले आन्दोलनरत शिक्षकहरुलाई वार्तामा आउन आह्वान गरेका छन् । सम्भव मागहरु सबै पूरा गर्ने आश्वासन दिँदै उनले वार्तामा बस्न, आन्दोलन टुंग्याउन र विद्यालय फर्किन आह्वान गरे ।

सोमबार काठमाडौंमा आयोजित कार्यक्रममा प्रधानमन्त्री ओलीले भने-'तुरुन्तै वार्तामा आएर विषय टुंग्याउनुस्, सहमति गर्नुस् र फर्किनुस् । मेरो आग्रह छ ।'

प्रधानमन्त्री ओलीले शिक्षकहरुले राखेका मागमा सरकार 'नेगेटिभ' नभएको जिकिर गरे । 'सरकार उहाँहरुका मागप्रति नेगेटिभ हुने कुरै छैन । सम्भव मागहरु सबै पूरा गर्छ ।'- प्रधानमन्त्री ओलीले भने ।

विद्यालय शिक्षा ऐन जारी गर्नुपर्नेलगायतका माग राखेर सरकारी विद्यालयका शिक्षक तथा कर्मचारीहरुले शिक्षक महासंघको अगुवाइमा चैत २० गतेदेखि काठमाडौं केन्द्रित आन्दोलन गर्दै आएका छन् । उनीहरुले चैत २५ गतेदेखि आम शैक्षिक हड्ताल आह्वान गरेका छन् । उनीहरुको आन्दोलनका कारण बैशाखदेखि सुरु भएको भर्ना अभियान, एसईईको उत्तरपुस्तिका परीक्षणलगायतका काम प्रभावित भएका छन् ।

प्रधानमन्त्री ओलीले यो आन्दोलनबाट फाइदा नभएको बताए । 'उहाँहरुलाई कुनै लाभ छैन, विद्यार्थीलाई घाटा छ, अभिभावकलाई पीडा छ,' प्रधानमन्त्री ओलीले भने-'त्यसकारण मेरो आग्रह छ उहाँहरुलाई, वार्तामा आउनुस्, कुरा गर्नुस्, सम्भव कुरा सरकारले गर्दिन्छ । फर्किएर आ-आफ्ना काममा जानुस् ।'

यसअघि शिक्षक महासंघका नेताहरुले प्रधानमन्त्री ओली, सभामुख देवराज घिमिरे, शिक्षामन्त्री विद्या भट्टराईलगायतसँग आफ्ना मागबारे छलफल समेत गर्दै आएका छन् । तर सहमति नजुट्दा २०औं दिनसम्म पनि शिक्षकहरुले आन्दोलन जारी राखे ।

तर शिक्षकहरुले औपचारिक वार्ता गर्दैनौं भन्ने सुनेको बताउँदै प्रधानमन्त्रीले प्रश्न गरे-'अनौठै सुन्या छु मैले । आन्दोलन गर्ने, तर वार्ता नगर्ने, के भन्या हो त्यो ?'

## पौडी खेल्दा तीन बालक बेपत्ता

भैरहवा । रुपन्देहीको लुम्बिनी साँस्कृतिक नगरपालिका-२ अर्दौलीस्थित दानव नदीमा तीन जना बालक बेपत्ता भएका छन् । सोमबार दिउँसो पौडी खेल्ने क्रममा उनीहरू बेपत्ता भएका हुन् ।

बेपत्ता हुनेहरूमा सोही ठाउँ बस्ने १३ वर्षीय उमेश यादव, १४ वर्षीय राज यादव र १२ वर्षीय मुनु हरिजन छन् ।

बेपत्ता बालकहरूको खोजीकार्यका लागि सशस्त्र प्रहरी खटिएको छ ।

उनीहरू सो नदीमा पौडी खेल्ने क्रममा सोमबार दिउँसो करिब साढे १२ बजे बेपत्ता भएको बताइएको छ ।

बेपत्ता भएको थाहा पाउनासाथ पाउनासाथ सशस्त्र प्रहरी बल नेपाल बोर्डर आउट पोष्ट बयरघाटबाट सशस्त्र प्रहरी निरीक्षकको कमाण्डमा विपद् व्यवस्थातालिम प्राप्त सुरक्षा फौज खटिएको छ ।

### गौतमबुद्ध विमानस्थलको सकस :

# आन्तरिक उडान र बेलहिया नाका बन्द गरौं : मेयर खाँ



**लुम्बिनी संवाददाता**
*बुटवल*

गौतमबुद्ध विमानस्थलमा नियमित अन्तर्राष्ट्रिय उडानका लागि दबाव दिन आन्तरिक उडान र बेलहिया नाका बन्द दुई हप्ता बन्द गर्नुपर्ने सिद्धार्थनगरका प्रमुख इस्तियाक अहमद खाँले स्थानीय उद्योगी व्यवसायी र संघसंस्थासँग आग्रह गरेका छन् ।

सोमबार नगरपालिकामा भएको छलफलमा नगरप्रमुख खाँले आन्तरिक उडान बन्द गरेर प्रधानमन्त्री र मन्त्रीहरुलाई सडक मार्गबाट घण्टौं यात्रा गर्न बाध्य बनाए मात्रै उनीहरुको दिमाग खुल्ने धारणा राखे ।

अन्तर्राष्ट्रिय उडान सञ्चालनका लागि सुरुमा प्रधामन्त्री र सम्बन्धित मन्त्रालयमा डेलिगेसन, छलफल गरिने र बेवास्ता गरिएमा विभिन्न खालका आन्दोलनसहित दबाबमूलक कार्यक्रम गर्ने नगर प्रमुख खाँले बताए । 'हाम्रो भिजन विमानस्थल चलाउने हो, एक्सनमा आन्तरिक उडान र बेलहिया नाका रोक्ने हो,' नगर प्रमुख खाँले भने-'आन्तरिक उडान बन्द गरौं,सबै प्लेन रोकौं, ट्राभल एजेन्टले १०-१५ दिन टिकट नकाट्ने यहाँबाट, प्रधानमन्त्री, मन्त्रीहरु गाडीबाट आउँछन्, बल्ल दिमाग खुल्छ ।' एक हप्ता जति बेलहिया नाका र भन्सार बन्द गरे मात्र 'बबाल' हुने नगर प्रमुख खाँले उल्लेख गरे ।

उनले प्रधानमन्त्री केपी शर्मा ओलीबाहेक अरु सबै मन्त्रीहरुले आफ्नो फोन रिसिभ गर्ने भन्दै नगरपालिकाको नेतृत्वमा एउटा प्रतिनिधि मण्डल विमानस्थल चलाउने विषयमा कुरा गर्न काठमाडौं जान निजी क्षेत्र र संघसंस्थालाई आग्रह गरे ।

नेपाल उद्योग वाणिज्य महासंघका पूर्व केन्द्रीय सदस्य महेन्द्रकुमार श्रेष्ठले काठमाडौं बाहिर अन्तर्राष्ट्रिय उडान सञ्चालन भएमा आफ्नो व्यवसायमा ह्रास आउने भएकाले कुनै व्यवसायिक समूहले केही दलका नेता, सरकारका जिम्मेवार निकायलाई आफ्नो प्रभावमा पारेको दाबी गरे । 'गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल नियमित सञ्चालन हुन नदिने गिरोह काठमाडौंमा सक्रिय छ र यसकाविरुद्ध संयुक्त आन्दोलनको खाँचो छ ।'-श्रेष्ठले भने ।

सिद्धार्थनगरकी उप-प्रमुख उमा अधिकारीले विगतमा गरिएका दबाबमूलक कार्यक्रम सार्थक नभएकाले सिद्धार्थनगर नगरपालिकाको अगुवाइमा दबाबमूलक कार्यक्रम गर्नुपर्ने बताइन् ।

उद्घाटनको तीन वर्ष बित्न लाग्दासमेत गौतमबुद्ध विमानस्थलबाट अन्तर्राष्ट्रिय नियमित हुन नसकेपछि रुपन्देहीका स्थानीय सरकार, होटेल तथा पर्यटन व्यवसायीहरु निराश छन् । अन्तर्राष्ट्रिय विमानस्थललाई लक्षित गरेर तारे होटेलसहित पर्यटन व्यवसायमा भएको करिब एक खर्ब लगानीले प्रतिफल दिनुको साटो डुब्ने चिन्ता व्यवसायीमा छ ।

मंसिर पहिलो साता एक नेपाली र चार विदेशी वायुसेवा कम्पनी कतार एयरवेज, थाई एयर एसिया, फ्लाई दुबई, जजीराले उडान सुरु गरेपनि एक महिना नबित्दै 'भिजिबिलिटी' को समस्या र कतिपयले यात्रु अभावका कारण देखाउँदै उडान रोकेका थिए ।

नेपाल नागरिक उड्यन प्राधिकरणले भिजिबिलिटीको समस्या समाधान गर्न आइएलएसको विकल्पमा आरएनपीएआर प्रविधि लागू गरेपछि मार्च २९ अर्थात् गत चैत १६ गतेसम्म विमानस्थलमा चहलपहल बढेको थियो । तर अप्रिल १ देखि फेरि अन्तर्राष्ट्रिय उडान रोकिएपछि व्यवसायीहरु फेरि निराश छन् ।

अहिले नेपाल एयरलाइन्सले मात्रै साताको तीन अन्तर्राष्ट्रिय उडान गरिरहेको छ । विभिन्न बहानामा गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल नियमित सञ्चालन हुन नसकेपछि लुम्बिनी प्रदेशको निजी क्षेत्र आक्रोशित बनेको छ । वैदेशिक रोजगारीमा जान चाहने श्रमिकहरुका लागि म्यानपावर कम्पनीका कार्यालयहरु र श्रम तथा स्वास्थ्य परीक्षण कार्यालयहरुको स्थापनाका लागि निजी क्षेत्रका तर्फबाट पटक-पटक आग्रह गर्दा पनि सुनुवाइ हुन सकेको छैन ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल मर्मतका क्रममा गौतमबुद्ध विमानस्थलबाट नियमित उडान भए पनि १८ घण्टा सञ्चालनमा आउन थालेपछि भैरहवाबाट उडान बन्द भएका छन् ।

भैरहवा विमानस्थलबाट चढ्ने यात्रु पर्याप्त हुन नदिन काठमाडौं केन्द्रित ठूला ट्राभल एजेन्सीले अन्तर्राष्ट्रिय हवाई टिकटमा कार्टेलिङ गरेका, एयरलाइन्स कम्पनीहरूले भैरहवामा सम्पर्क कार्यालय पनि नखोलेका र स्थानीय ट्राभल एजेन्सीलाई टिकट काट्न पोर्टल खुला नगरेकाले ९५ प्रतिशत टिकट काठमाडौंबाटै बिक्री हुँदा गौतमबुद्ध विमानस्थल पूर्ण क्षमतामा चल्न नदिइएको टुर तथा ट्राभल व्यवसायी चन्द्र थापाको गुनासो छ । पर्यटन व्यवसायी सञ्जय बजिमय भैरहवाबाट उडान गर्ने सबै एयरलाइन्सको टिकट काउन्टर र सम्पर्क कार्यालय विमानस्थलमा हुनुपर्ने, अनलाइन ई-भिसा र इन्टरनेसनल डिजिटल डाइरेक्ट पेमेन्ट प्रणाली हुनुपर्ने बताउँछन् ।

ट्राभल व्यवसायी सागर अधिकारीले विमानस्थल दिगो सञ्चालन गर्न बौद्धमार्गी बाहुल्य देशबाट भैरहवामा सिधा उडान हुनुपर्ने बताउँछन् ।

गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलका प्रवक्ता श्यामकिशोर साहका अनुसार जजीरा एयरलाइन्स, फ्लाई दुबई र थाइ एयर एसियाले 'समर शेड्युल' तय नगरेका कारण उडान बन्द भएको हो । जजीरा एयरलाइन्सले मे महिनाबाट उडान सुरु गर्ने आश्वासन दिएको उनले बताए ।

## प्रदेश खारेजी वा आमूल सुधार गर्नुपर्छ : स्वर्णिम

वाग्लेले प्रत्यक्ष निर्वाचित कार्यकारी, सांसदहरु मन्त्री हुनै नपाउने र प्रदेश संरचनाको आमूल सुधार गर्नुपर्नेमा जोड दिँदै मुलुकमा ८८४ सांसद आवश्यक नभएको धारणा राखेका छन् ।



**लुम्बिनी संवाददाता**
*बुटवल*

राष्ट्रिय स्वतन्त्र पार्टीका उपसभापति स्वर्णिम वाग्लेले संविधानको रेट्रोफिटिङ गर्नुपर्ने बेला आएको बताएका छन् ।

भैरहवामा आयोजित उद्यमी गोष्ठीलाई सम्बोधन गर्दै वाग्लेले संकटको डिलमा पुगेको अर्थतन्त्र सुधार्न संविधानमै सुधार गर्नुपर्ने बताएका हुन् । प्रतिनिधिसभा सदस्य समेत रहेका वाग्लेले प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख र सांसदहरु मन्त्री हुन नपाउने व्यवस्था तथा प्रदेशसभामा आमूल सुधारको खाँचो रहेकोमा जोड दिए ।

'८८४ जना सांसदहरु तपाईंहरुले पालिरहनुभएको छ, काम छ यति धेरै सांसदको ?'-प्रश्न गर्दै वाग्लेले भने-'प्रदेशमा मात्रै ५५० जना रहेछन्, प्रतिनिधिसभामा २७५ जना छन्, त्यसैले प्रदेशसभाको खारेजीदेखि आमूल सुधारका कुरा हामीले गरेका छौं ।'

वाग्लेले प्रदेश संरचना पहिचानको हिसाबले रहने तर सांसद संख्या घटाउनेदेखि आमूल परिवर्तन गर्नुपर्नेमा जोड दिए । अर्थतन्त्र संकटमा पर्नुको पछाडि राजनीति ठीक नभएको र कुशासन प्रमुख कारण भएको वाग्लेको तर्क छ ।

राजनीति असाध्यै खर्चिलो, बोझिलो र भ्रष्टाचारसँग जोडिएको टिप्पणी गर्दै वाग्लेले ५ करोडदेखि ७ करोड खर्च नगरी चुनाव जित्न नसकिने अवस्था रहेकाले प्रणालीमै सुधार आवश्यक रहेको बताए ।

'सांसदहरु मन्त्री हुनै नपाउने, प्रत्यक्ष निर्वाचित कार्यकारी र प्रदेश सभाको आमूल सुधार वा खारेजीसम्म हामीले कुरा गरेका छौं ।'

» *बाँकी ३ पेजमा*




## सम्पादकीय

# पानीका मुहान संरक्षण गरौँ

हिउँदभरी वर्षा भएन् । लामो समयपछि चैतको अन्तिमतिर वर्षा भयो, पहाडमा मकै छर्न भ्याईनभ्याई छ । गत वर्ष पनि लामो खडेरी परेको थियो बैशाख अन्त्यमा मात्रै वर्षा भएको थियो । जलवायु परिवर्तनको असर नेपालको कृषि प्रणालीमा परेको छ । अझ पहाडमा खानेपानीको संकट चुलिँदो छ ।

लामो समय खडेरी पर्ने, वर्षा भए पनि राम्ररी मुल फुट्ने गरी वर्षा नहुने, कतिपय ठाउँमा अधिक वर्षा हुने र कतिपय ठाउँमा न्यून वर्षा हुने प्रवृत्ति प्रकृतिमा देखिएको छ । यसले कृषि प्रणालीमा चर्को मार परेको छ नै, पानीको चरम संकट पनि देखिन थालेको छ । पानीका मुहान सुक्दै गएपछि पहाडी बस्ती खानेपानी अभाव झेल्दै छन् । गएको हिउँदमा हिमालमा पर्याप्त हिउँ परेन् । हिमपात भएकाले हिमाली क्षेत्रका बासिन्दाको मुहारमा चमक आए पनि सेतै देखिने डाँडा उराठलाग्दा काला देखिए । डढेलोले तराई र पहाडको वन सखाप भयो । वनमा लागेको डढेलो बस्तीमा पस्दा धेरै गाउँबस्ती खरानी भए ।

जलवायु परिर्वतनको भयङ्कर कठिन दिनको सामना गर्नुपर्ने चेतावनी वैज्ञानिकहरुले दिइरहेका बेला यतिखेर हामी त्यही कठिन दिन बिताउँदै छौं । गुल्मी र अर्घाखाँचीका ग्रामीण बस्ती हिउँदको मध्यतिरबाट खानेपानीको संकट सामना गर्दैछन् । पहिलेका कुवा र पधैँरा मासिए ।

घर–घरमा आएका धारामा पानी चुहिन छाड्यो । पुर्खाको मिहिनेत र लगनमा बनेका पँधेरा र कुवा समाप्त पार्दाको दुःख अहिले झेल्दैछन् । कुवा र पँधेरा गाउँका पहिचान थिए । मान्छेका लागि मात्रै नभएर अरु जीवजन्तुका लागि पनि पानीको स्रोत थिए । गाउँमा विकास पस्यो, एकघर एक धारा अभियान चल्यो, पँधेरा र कुवा मासिए । धारा जोडिए तर खानेपानीको मुहान सुकेपछि धारामा कसरी आउँछ पानी ?

त्यसो त संभावित जोखिमको ख्याल गर्दै लुम्बिनी प्रदेश सरकारले गाउँ–गाउँमा रहेका पुराना पोखरी र पँधेरा पुर्नजीवित गर्ने गरी एक गाउँ एक पोखरी अभियान अघि बढायो । प्रदेश सरकारले दिन खोजेको सन्देश पोखरी जोगाउँ भन्ने हो तर पोखरी र पँधेरा जोगाउन सरकारकै मुख ताक्ने प्रवृति राम्रो होइन् ।

समुदायले गाउँ गाउँमा पोखरी जोगाउन सक्छन् । समुदायको परिचालनबाट पानीका मुहान जोगाउने, पोखरी खन्ने अभियान चलाउने र त्यो अभियानमा सरकार सहयोगी बन्न सक्छ । यतिबेला बजेटको तयारी गर्ने समय हो । यो बेला पोखरी, पँधेरा र कुवालाई पुर्नजीवित गर्न र भएका पानीका मुहान जोगाउन तहगत सरकारले प्राथमिकता दिनुपर्छ । पानी नै जीवन हो ।

हरेक प्राणीको जीवन जोगाउन पानीका मुहान संरक्षण गरौँ । पानीको संभावित संकट पार लगाऔँ ।

# नेकपाको ७६ वर्ष



विन बहादुर कुँवर

चुनावी लाइनअन्तर्गत घुम्दैफिर्दै प्रचण्ड नै छाहारीमा आई बस्ने तयारी गर्दैछन् । क्रान्तिकारी कम्युनिष्ट पार्टीले अहिले अघि सारेको कार्यदिशाले नयाँ जनवादलाई मात्र खुड्किलो अनि फौजी कार्यदिशालाई सशस्त्र विद्रोहमा रुपान्तरित गराउँदै गोलमेच सम्मेलन साथै अन्तरिम सरकारसम्मका नारा अघि सार्न थालेको छ । अब हुँदाहुँदा कतै विप्लवकै बाटो हुँदै वैद्य नेतृत्वको क्रान्तिकारी कम्युनिष्ट पार्टी पनि प्रचण्डकै छाहारी खोज्दै त छैन ? प्रचण्डले पनि सार्वजनिक रुपमै भन्ने गरेका छन् । पुराना माओवादी वैद्य विप्लव बाबुरामलगायत सबै मिली एउटै पार्टी बनाऊ ।

आज २२ अप्रिल अर्थात् बैशाख ९ गते नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को पहिलो स्थापनाको दिन । आजै लेनिनवादका प्रबर्दक तथा संस्थापक नेता कमरेड लेनिनको पनि जन्म दिन हो । यही अवसरमा आजभन्दा ७६ वर्ष पहिले अर्थात् २००६ साल बैशाख आजैको दिनमा क. पुष्पलालको नेतृत्वमा नेकपाको स्थापना भएको थियो । सर्वप्रथम आजको यो दिनमा पहिले क. लेनिनप्रति क्रान्तिकारी लालसलाम सहिद भावपूर्ण हार्दिक श्रद्धाञ्जली त्यस्तै नेकपा संस्थापक नेता क. पुष्पलाल सहित अरु सबै संस्थापक नेता कमरेडहरुप्रति पनि क्रान्तिकारी लाल अभिवादन सहित भावपूर्ण हार्दिक श्रद्धाञ्जली । साथै नेकपाको स्थापना विकासका लागि संघर्ष र बलिदान दिने सयौं क्रान्तिकारी सहिदहरुप्रति लाल अभिवादनसहित भावपूर्ण श्रद्धाञ्जली ।

आजको यो दिनमा सर्वप्रथम नेकपाको स्थापनापछि जारी गरिएको पहिलो घोषणापत्रमा उल्लेखित तत्कालीन केही कार्यक्रमका बारेमा केही चर्चा गरौं । पहिलो बुँदामा 'सामन्ती एकत्वाद तथा विदेशी अधिनायत्वको पूर्व उन्मूलन र पूर्ण तथा वास्तविक स्वाधिनता । त्यस्तै विना मुआब्जा जमिनदारी प्रथा र सबै खालको सामन्ती शोषणको उन्मूलन र जोताहालाई जमिनको वितरण गर्नु, ग्रामीण ऋण खतम गर्नु, कृषि मजदूरहरुलाई जीवन योग्य ज्याला । बैंक औद्योगिक तथा यातायात व्यवसाय, बगान, खानी आदिमा लगाइएको विदेशी पूँजी राज्यद्वारा जफत गर्नु र ती सबैको राष्ट्रियकरण गर्नु । स्वस्थ्य, शिक्षा निःशुल्क, अनिवार्य प्राथमिक शिक्षा प्राप्त' आदि । तर आज यो बितेको ७६ वर्षसम्म पनि यी कुनै पनि कार्यक्रम यहाँ लागू भएका छैनन् । नेकपाका विरोधी राजा, कांग्रेस र पञ्चेहरुले त यस्ता कार्यक्रम देशमा लागू गर्ने प्रश्न नै उठ्दैन । यी सबै सामन्ती, दलाल र नोकरशाही नै भए । देश र जनताको हितप्रति यी सबैको के चासो ? तर आफूलाई कम्युनिष्ट भन्नेहरुले नेकपाको इतिहासलाई स्वीकार छन्, तर यी कुनै पनि कम्युनिष्ट पार्टीहरुबाट आजसम्म यसमा केही पनि भएको छैन । स्वयं सरकार र सत्तामा पुगिसक्दा पनि यसप्रति यी सबैबाट अहिलेसम्म केही पनि भएको पाइँदैन । पटकपटक एमाले र माओवादी पार्टीका नेताहरु सरकारमा गए र त्यसको नेतृत्व नै गरे । अहिले पनि नेतृत्व कम्युनिष्ट भन्ने एमाले दलकै छ । तर यी सबैले यसमा केही पनि नगरी खाली आआफ्नै पद, प्रतिष्ठा र कमाउधन्दामा मात्रै लिप्त भई आएका छन् । राष्ट्रियताप्रति बेवास्ता उल्टै साम्रराज्यवादी अमेरिका-भारत र चीनसँग सौदाबाजी । दलाली र राष्ट्रिय स्वाधिनताप्रति घात हुने गरेको छ ।

त्यस्तै सामन्ती एकतन्त्रवादको पूर्ण उन्मूलन र देशमा गणतन्त्र आएको भनिए पनि अहिले फेरि सामन्ती राजा र राजतन्त्रका हिमायतीहरु जुर्मराउन थालेका छन् । सदनदेखि सडक चारैतिर होहल्ला मच्याउँदै राजा र राजतन्त्रको पुनर्स्थापनाका लागि यही गत चैत १५ गते वानेश्वरको तिनकुनेमा ठूलै हत्या, हिंसा र तोडफोड नै गराई छाडे । यी सबै पूर्व राजा ज्ञानेन्द्रकै नेतृत्व र मातहत अनि निर्देशनमा भएको प्रष्ट छ । स्वयं यसलाई प्रम केपी ओली र सरकारका मन्त्रीहरुले भन्ने गरेका छन् । तर यस्तालाई अर्थात् पूर्व राजा ज्ञानेन्द्र र यो हिंसाको प्रत्यक्ष नेतृत्व गर्ने पूर्व पञ्चे नवराजलाई अहिलेसम्म पनि केही नगरी त्यत्तिकै छोडिएको छ । अझ उल्टै ज्ञानेन्द्रले यसलाई तेस्रो जनआन्दोलन भएको भन्दै दमनमा नउत्रन सरकारलाई चेतावनी दिन थालेका छन् । त्यस्तै पूर्व पञ्चे- मण्डले र राजावादीहरुले पुनः त्यस्तै हत्या, हिंसा र आतंक मच्याउन उर्दी नै जारी गरिसकेका छन् ।

हिजो जुन दिन राजतन्त्रको अन्त्य गरी गणतन्त्रको घोषणा गरेको भनियो । तर त्यसले पूर्णरुपले सामन्तवादको अन्त्य नगरी खाली एउटा पूर्व राजाको त्यसमा पनि केही सहमति र शर्तमा भएको भनिदैछ । १२ बुँदे दिल्ली सात दलीय सहमति अनि ज्ञानेन्द्रले भन्ने गरेको कथित नासोलाई लिएर अहिले ज्ञानेन्द्र र उनका आसेपासे पुराना पञ्चे-मण्डले र दरबारियाहरुको बढ्दो चुरीफुरी र दौडधुप अनि उनीप्रति देखाइएको सरकारी रवैयाले कतै पुनः राजा र राजतन्त्रको पुनर्स्थापना हुने त होइन ? शंका देखिन थालेको छ । यसरी समग्रमा भन्दा नेकपा स्थापनाको अवस्थामा जस्तै देशको राष्ट्रियता, स्वाधीनता र स्वाभिमान अनि जनतन्त्र र जनजीविकामा खासै फरक भएको देखिंदैन । बढे राजा गए पनि अनेकौं छोटे राजाको जगजगी भएको महसुस जनताले गरिरहेका छन् ।

माथि भनिएका अर्थात् नेकपाको पहिलो स्थापना कालमा भनिएको यी सबै कार्यक्रम अहिलेसम्म कुनै पनि सम्पन्न भएका छैनन् । कृषि, उद्योग, यातायात, स्वास्थ्य, शिक्षा सबैमा यस्तै छ । अहिले देशमा शिक्षकहरुको आन्दोलन भइरहेको छ । त्यतिबेलै नेकपाको कार्यक्रममा शिक्षा निःशुल्क र अनिवार्य भनिएको थियो । पटक-पटक कम्युनिष्टहरुको सरकार भइसक्दा पनि त्यो भएन । उल्टै सरकारी विद्यालयलाई निरुत्साही र निजीलाई प्रोत्साहित गराउने काम एमाले अध्यक्ष तथा प्रम केपी ओलीबाट भइरहेको छ । यही बेलामा अर्थात् कम्युनिष्टको सरकार भएको अवस्थामा यी सबै शिक्षकका मागहरु मात्र होइन प्राथमिक शिक्षा अनिवार्य र माध्यमिक शिक्षा निःशुल्क बनाउन सकेको भए बल्ल नेकपा स्थापनाको पहिलो कार्यक्रम पूरा हुने थियो । नाम कम्युनिष्टको तर काम सामन्ती, दलाल र नोकरशाही बुर्जुवाको भएपछि के को कम्युनिष्ट र कम्युनिष्टको सरकार ? यो प्रश्न प्रम ओलीका लागि मात्र नभएर एमाओवादी अध्यक्ष प्रचण्ड, माधव, झलनाथ अनि बाबुराम भट्टराई सबैका लागि पनि हो । यथार्थमा यी सबैले कम्युनिष्ट र समाजवादीको नाममा सामन्ती र दलाल पुँजीवादको मलजल गरिरहेका छन् ।

नेकपाको स्थापनाको सुरुसुरुमा ठूलठूला जनआन्दोलन र विद्रोह भए । राजा-राणा र कांग्रेसबिचको त्रिपक्षीय दिल्ली सम्झौताको विरोध गरी जनसंघर्षलाई अघि बढाउने प्रयत्न भयो । २००६ देखि २००८ सालसम्म देशका विभिन्न भागमा किसान आन्दोलन र विद्रोहको नेतृत्व नेकपाले नै गर्‍यो । त्यो संघर्षदेखि अतालिएर तत्कालीन सरकारले नेकपा माथि प्रतिबन्ध नै लगायो । त्यसपछि सम्पन्न पार्टीको पहिलो महाधिवेशनपछि भने पार्टीको नेतृत्व मनमोहन अधिकारी अर्थात् पार्टीका महामन्त्री मनमोहन भए । उनको नेतृत्वमा पार्टी दक्षिणपन्थी अवसरवादमा बदलिदै जान थाल्यो । संवैधानिक राजतन्त्र स्वीकार्ने अर्थमा पार्टी माथि लागेको प्रतिबन्ध हटाउने काम भयो । त्यसपछि क्रमशः पार्टी राजावादीमा बदलिंदै जान थाल्यो । दोस्रो महाधिवेशनको नेतृत्व नै राजावादी डा. केशरजंग रायमाझीमा गयो । २०१७ सालको राजा महेन्द्रको फौजी 'कु' पछि पार्टी एक प्रकारको छिन्नभिन्न जस्तै भयो । त्यसलाई केही ब्युँताउने काम २०२५ सालमा क. पुष्पलालले गरे । तर उनले पनि समग्र पार्टीलाई एकीकरणमा ल्याउन सकेनन् । त्यसपछि क्रमशः झापा विद्रोहपछि झापालीको को.के.अनि क. मोहन विक्रम, क. निर्मल लामाहरुको केन्द्रीय न्यूकिलियस हुनै चौ.म. नयाँ कम्युनिष्ट पार्टीको पुनर्निर्माण भयो । तिनै पार्टीहरुको जगमा अहिले नेकपा (माले), एमाले अनि नेकपा मसाल हुँदै माओवादी दल क्रियाशील हुँदै आएका छन् । यसैबीच अहिले यी सबै दलहरु संसदवादी हुँदै दलाल पुँजीवादको पृष्ठपोषकमा रमाउँदैछन् । खाली अहिले गैरसंसदवादी कम्युनिष्ट पार्टीको रुपमा नेकपा-विप्लव समूह र वैद्य नेतृत्वको क्रान्तिकारी कम्युनिष्ट पार्टी मात्र देखिएका छन् । त्यसमा पनि विप्लव समूह पनि संसदवादी राजनीतिअन्तर्गत संसदीय निर्वाचन हुँदै सामन्ती दलाल र नोकरशाही बुर्जुवा राज्य सत्तामा नै सहभागी हुन तम्सिरहेको छ । आखिर अहिले खाली एउटा मात्रै गैर संसदवादी कम्युनिष्ट पार्टी मोहन वैद्यले नेतृत्व गरेको क्रान्तिकारी कम्युनिष्ट पार्टी छ ।

नेकपाको स्थापना कालदेखि नै खास क्रान्तिकारी कार्यदिशा र कार्यशैलीको विकास हुन सकेन । संसदीय कार्यदिशा र कार्यशैलीकै पार्टीको मूल बाटो हुँदै आएको छ । खाली २०२८ को झापा विद्रोह अनि २०५२ साल फागुन १ देखि संचालित १० वर्षे माओवादी जनयुद्धमा केही पार्टीको नयाँ क्रान्तिकारी कार्यदिशा र कार्यशैली देखा पर्‍यो । क. माओले भने जस्तै क्रान्तिका लागि सही क्रन्तिकारी कार्यदिशा भए पार्टी, नेता कार्यकर्ता सेना हातहतियार सबै बन्छ गलत कार्यदिशा भए सबै गुम्छ । उदाहरण १० वर्षे माओवादी जनयुद्ध हाम्रैसामु छ । हिजो केही नभएको माओवादी १० वर्षे जनयुद्धकालमा यी सबै अर्थात् पार्टी नेता कार्यकर्ता, सेना हतियार, आधार इलाका क्षेत्र सबै भयो । तर जब माओवादी नेतृत्वले १२ बुँदे दिल्ली समझदारी गरी संसदीय राजनीतिमा आत्मसमर्पण गर्न पुग्यो । त्यसपछि ती सबै गुम्दै गए । नेता, कार्यकर्ता सबै दलालमा परिणत भए । सेना, हातहतियार सबै यही सामन्ती र दलाल पूँजीवादी सत्तालाई बुझाउने काम भयो ।

क. पुष्पलालले २०२४ सालपछि मात्र माओ विचारधार अंगाल्न पुगे । त्यसैको आधारमा नयाँ जनवादी क्रान्ति रुप रेखा बनाए । हुनतः पुष्पलालले नेकपाको स्थापनापछि सबभन्दा पहिले प्रकाशित पर्चा (२४ अप्रिल १९४९) मा सोभियत युनियन, नव प्रजातन्त्र, आजात चीन विश्व मजदूर वर्गको आन्दोलन र विश्वका कम्युनिष्ट आन्दोलनसँग हाम्रो एकता जिन्दावाद भनेका थिए । तर २०२४ सालसम्म नेकपाको सम्बन्ध विस्तार चिनियाँ क्रान्तिसँग त्यति भएन । प्रभाव बढी रुसी क्रान्ति अझ भारतीय कम्युनिष्ट पार्टीसँग बढी भयो । बल्ल २०२५ सालपछि क्रमशः झापा विद्रोह हुँदै नेकपा (माले) अनि केन्द्रीय न्यूकिल्यस हुँदै चौ.म. पछि मसाल, एके अनि माओवादी भइसकेपछि मात्र माओवादी सिद्धान्तको प्रभाव यहाँ बढी देखियो । तै पनि अहिले फेरि नाममा माओवादी भनिए पनि काम कार्यदिशा र कार्यशैली सबै सामन्ती र दलाल पुँजीवादी हुने गरेको छ । माथि भने जस्तै केही मात्रामा त्यस्तो पार्टी अहिले क्रान्तिकारी कम्युनिष्ट पार्टी मात्र देखिएको छ ।

तै पनि यो पार्टीको हालै सम्पन्न एकता महाधिवेशनबाट अघि सारेका केही विचार सिद्धान्त र कार्यदिशामा भने केही डुलमूल र अन्यौलता देखा पर्न थालेको छ । नयाँ जनवादलाई खुड्किलो मात्र भएको भन्दै अरु दलहरुले जस्तै तत्काल समाजवादकै नारा अघि सारेको छ । नयाँ जनवादबारे क. माओले केही चिनियाँ वामपन्थी लफ्फाजीको खण्डन गर्दै भनेका छन्-'आज समाजवादको लागू गर्ने काल होइन । चिनियाँ क्रान्तिको तत्कालीन कार्य साम्रराज्यवाद तथा सामन्तवादसँग लड्ने हो । जबसम्म यो कार्य पूरा हुँदैन तब तक समाजवादको प्रश्न उठ्न सक्दैन । चिनियाँ क्रान्तिको अनिवार्य रुपमा दुई कदम छ, पहिलो नयाँ जनवाद र अर्को समाजवादको । यसको अलवा पहिलो कदमका लागि काफी लामो समयको आवश्यकता पर्छ यो रातारात पूरा हुन सक्दैन ।' (माओको संकलित रचना रेड बुक भाग-२ पृष्ठ ६३६-३७) क. माओको यो भनाइले नयाँ जनवादलाई खाली एउटा खुड्किलो अर्थात् 'स्टेप' मात्र नभएको प्रष्ट छ ।

क्रान्तिकारी कम्युनिष्ट पार्टीले यो मात्रै होइन २० वर्षे माओवादी जनयुद्धको लाइन र कार्यदिशालाई पनि छोडेको छ । दीर्घकालीन जनयुद्धको सट्टामा अब उसले सशस्त्र जनविद्रोहको कार्यदिशा अपनाउन थालेको छ । जस्तो तत्कालीन माओवादी पार्टीले जनयुद्धको थालनी दीर्घकालीन जनयुद्धको कार्यदिशाअन्तर्गत गर्‍यो तर २०५७ सालपछि उसले विस्तारै नयाँ जनवादलाई २१औं शताब्दीको जनवाद भन्न थाल्यो अनि दीर्घकालीन माओवादी जनयुद्धलाई सशस्त्र जनविद्रोह 'फ्यूजन' गरेको बताउन थाल्यो । यसरी एकाएक जनयुद्धलाई विद्रोहमा फ्यूजन गराउन खोज्दा उसको कार्यदिशा नै उल्टियो । जसको परिणाम पार्टी १२ बुँदे दिल्ली समझदारी हुँदै संसदीय दलाल पूँजीवादमा भासिन पुगेको छ । यसलाई त्यतिबेलै एक जना माओवादी नेताले पार्टी नेतृत्वको फ्यूजन नीतिले सिंगो पार्टीलाई नै कन्फ्यूजनमा पार्‍यो भनेका थिए । ठीक फेरि यस्तै कन्फ्यूजन विप्लव समूहमा देखियो । नयाँ जनवाद अनि दीर्घकालीन जनयुद्धको विकल्पमा एकीकृत जनक्रान्ति भन्दाभन्दै अब अहिले संसदवादी चुनावी लाइन अन्तर्गत घुम्दैफिर्दै प्रचण्ड नै छाहारीमा आई बस्ने तयारी गर्दैछन् । क्रान्तिकारी कम्युनिष्ट पार्टीले अहिले अघि सारेको कार्यदिशाले नयाँ जनवादलाई मात्र खुड्किलो अनि फौजी कार्यदिशालाई सशस्त्र विद्रोहमा रुपान्तरित गराउँदै गोलमेच सम्मेलन साथै अन्तरिम सरकारसम्मका नारा अघि सार्न थालेको छ । अब हुँदाहुँदा कतै विप्लवकै बाटो हुँदै वैद्य नेतृत्वको क्रान्तिकारी कम्युनिष्ट पार्टी पनि प्रचण्डकै छाहारी खोज्दै त छैन ? प्रचण्डले पनि सार्वजनिक रुपमै भन्ने गरेका छन् । पुराना माओवादी वैद्य विप्लव बाबुरामलगायत सबै मिली एउटै पार्टी बनाऊ । यो कार्यदिशाले अन्ततः पुर्‍याउने भनेको त्यही नै हो । तैपनि आशा गरौं वैद्य नेतृत्वको क्रान्तिकारी कम्युनिष्ट पार्टी त्यता जाने छैन । ढिलोचाँडो १० वर्षे माओवादी जनयुद्धकै कार्यदिशाअन्तर्गत माओवादी क्रान्तिलाई अगाडि बढाइरहने छ ।

अन्त्यमा ७६ वर्षे यो नेकपाको स्थापना कालको यस्तै विविध समीक्षासहित क्रान्तिकारी माओवादी कम्युनिष्ट पार्टीको पुनर्निर्माण आजको आवश्यकता हो । संसदवाद-मूर्दावाद, माओवादी जनयुद्ध-जिन्दावाद ।

# नेप्से परिसूचकमा सामान्य अङ्कको गिरावट



काठमाडौँ । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा सोमबार सामान्य अङ्कको गिरावट देखिएको छ । नेप्से परिसूचक सात दशमलव ७५ अङ्कले घटेर दुई हजार छ सय ९८ दशमलव २८ को बिन्दुमा कायम भएको हो ।

विभिन्न तीन सय १९ कम्पनीका दुई करोड १२ लाख तीन हजार सात सय ६६ कित्ता शेयर ७८ हजार छ सय ७८ पटक खरिदबिक्री हुँदा रु आठ अर्ब ७७ करोड ५७ लाख २० हजार दुई सय ९३ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ ।

कारोबारमा विकास बैंक समूह शून्य दशमलव ४३, होटल तथा पर्यटन शून्य दशमलव ०६, जलविद्युत् शून्य दशमलव ७७, लगानी शून्य दशमलव १७, उत्पादन तथा प्रशोधन शून्य दशमलव ०३ र म्युचुअल फन्ड शून्य दशमलव ४४ प्रतिशतले बढेको छ । अरु सबै समूहको उपसूचक घटेको छ । बैंकिङ शून्य दशमलव ८५, वित्त एक दशमलव ०३, जीवन बीमा शून्य दशमलव १६, लघुवित्त शून्य दशमलव ११, निर्जीवन बीमा शून्य दशमलव १५, व्यापार एक दशमलव ५२ र अन्य समूह एक प्रतिशतले घटेको छ ।

नेपाल माइक्रोइन्स्योरेन्स कम्पनी लिमिटेड र क्रेष्ट माइक्रोलाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको शेयर मूल्य सबैभन्दा धेरै नौ दशमलव ९९ प्रतिशतले बढेको छ । सबैभन्दा धेरै घट्नेमा भने एनएमबी हाइब्रिड फन्ड-२ को शेयर मूल्य सात दशमलव ९० प्रतिशत छ ।

कारोबार रकम र कारोबार भएका शेयर संख्याका आधारमा सबैभन्दा धेरै डादी ग्रुप पावर लिमिटेडको रु ५३ करोड ९९ लाख १८ हजार एक सय ७४ बराबरको १५ लाख ९० हजार दुई सय पाँच कित्ता शेयर खरिदबिक्री भएको छ ।

### भान्सामै औषधि

# खाँदा तीतो हुने करेला स्वास्थ्यका लागि यति लाभदायक

खाँदा तीतो भए पनि करेला स्वास्थ्यका लागि अतिलाभदायक छ । करेलाका केही फाइदा यस्ता छन्ः

- शरीरमा कफ जम्मा भएमा करेला खानुपर्छ । करेलामा पाइने फस्फोरसले शरीरको कफ निकास गर्न सघाउ पुर्‍याउँछ ।
- करेलाले पाचनशक्ति बलियो बनाउँछ र भोक जगाउँछ ।
- करेला शितल खाद्य भएकाले गर्मी याममा करेला खाने गर्नु लाभदायक हुन्छ ।
- दमको समस्या भएकाहरूले मसला नहालीकन पकाएको करेलाको तरकारी खानु राम्रो हुन्छ ।
- पक्षघात भएकाहरूलाई काँचो करेला खुवाउँदा सुधारका संकेत देखा परेका उदाहरण पनि छन् ।
- बान्ता, हैजा आदि भएमा करेलाको रसमा थोरै पानी र कालो नुन छरेर खाने गरेमा तुरुन्त लाभ मिल्छ ।
- कलेजोसम्बन्धी समस्या भएकाहरूका लागि पनि करेलाको तरकारी ज्यादै उपयोगी हुन्छ ।
- डायबेटिजको समस्या भएकाहरूका लागि करेलाको तरकारी उत्तम मानिन्छ । यसले शरीरमा चिनीको मात्रालाई नियन्त्रित गर्छ ।
- करेला खाने गर्नाले रगत सफा हुन्छ । रगतमा हेमोग्लोबिनको मात्रा बढाउनका लागि पनि करेला खाने गर्नुपर्छ ।



- बाथ रोग भएमा अथवा हातखुट्टा पोल्ने गरेमा काँचो करेलाको झोलले मालिस गरेमा फाइदा पुग्छ ।

रामग्राम नगरपालिकाद्वारा आधारभूत तह परीक्षाको नतिजा सार्वजनिक

# सात विद्यार्थीले ल्याए ४ जीपीए

नवलपरासी । पश्चिम नवलपरासीको रामग्राम नगरपालिकाले आधारभूत तह उत्तीर्ण परीक्षा (कक्षा ८) को नतिजा सार्वजनिक गरेको छ। सार्वजनिक नतिजाअनुसार रामग्राममा दुई वटा सामुदायिक र १३ वटा संस्थागत विद्यालयका विद्यार्थी शतप्रतिशत उत्तीर्ण भएका छन् भने ७ जना विद्यार्थीले चार जीपीए प्राप्त गर्न सफल भएका छन् ।

३१ वटा विद्यालयका कुल ११ सय ६९ जना विद्यार्थीले परीक्षा दिएकोमा १ हजार ८ जना ग्रेडेड भएका छन् भने १ सय ६१ जना ननग्रेडमा परेको रामग्राम नगरपालिकाका शिक्षा अधिकृत सुन्दर खनालले जानकारी दिएका छन् ।८६ दशमलव २३ प्रतिशत विद्यार्थी उत्तीर्ण (ग्रेडेड) भएको जनाइएको छ। विद्यार्थीले प्राप्त गरेको प्राप्ताङ्क र विद्यालयहरूको नतिजाको आधारमा यस वर्षको नतिजा सुधारउन्मूख देखिएको नगरपालिकाको शिक्षा शाखाले जनाएको छ।

चार जीपीए प्राप्त गर्ने सात जनामध्ये ५ जना निजी विद्यालयका र २ जना सामुदायिक विद्यालयका छन् । जनता मावि शुक्रौलीका सुजित चौधरी र राष्ट्रिय मावि पण्डितपुरकी सीता गुप्ताले सामुदायिक विद्यालयतर्फ ४ जीपीए प्राप्त गरेका छन्।

निजी विद्यालयतर्फ परासी ग्लोरियस सेकेन्डरी स्कुलकी सोनिया गुप्ता, रामग्राम सगरमाथा एकेडेमिका आस्था पाठक र श्रद्धा उपाध्याय, लिटिल एन्जल्स माविका सदीक्षा गुप्ता र ज्ञान ज्योति ईङ्ग्लिस सेकेन्डरी स्कुल हुकुईकी समीक्षा यादवले चार जीपीए प्राप्त गरेका छन् । चार जीपीए प्राप्त गर्ने एक जना बालक बाहेक सबै बालिका छन् । जनता आधारभूत विद्यालय जोकवार (११ जना) र जनता आधारभूत विद्यालय पर्सावल (१२ जना) का सबै विद्यार्थी उत्तीर्ण भएका हुन्।

संस्थागततर्फ भने १३ वटा विद्यालयका शतप्रतिशत विद्यार्थी उत्तीर्ण भएका छन्। रामग्राम नगरपालिकाका नगर प्रमुख धनपत यादवले विगतको तुलनामा शैक्षिक गुणस्तर सुधार गर्न सफल भएको बताए । 'शैक्षिक गुणस्तर सुधारिएको छ, सामुदायिक विद्यालयका विद्यार्थी पनि शतप्रतिशत उत्तीर्ण हुनुका साथै चार जीपीए ल्याउने संख्या पनि वृद्धि हुनु सकरात्मक कुरा हो। अझ चार जीपीए ल्याउने धेरै बालिकाहरू हुनु सुखद पक्ष रहेको नगर प्रमुख यादवले बताए ।

सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर वृद्धि गर्न नगरपालिकाले काम गर्दै आएको उल्लेख गर्दै यादवले कक्षा पाँचलाई पनि नगरस्तरीय परीक्षाको रुपमा सञ्चालन गर्ने तयारी भइरहेको जानकारी दिए।

उत्कृष्ट विद्यालय र विद्यार्थीलाई सम्मान तथा पुरस्कृत गरेर थप प्रोत्साहित गर्ने र कमजोर विद्यालयको नतिजा सुधारका लागि पहलकदमी लिने मेयर यादवको भनाइ छ । ८६ प्रतिशत विद्यार्थी उत्तीर्ण हुनुले सामुदायिक विद्यालयको नतिजा सुधारिएको देख्न सकिने नगरप्रमुख यादवको भनाइ रहेको छ।

# दुई करोड बढी लागतमा बनेको वृद्धाश्रम प्रयोगविहीन

ढोरपाटन (बागलुङ) । बागलुङ नगरपालिका-४ नियरघाटमा निर्माण भएको वृद्धाश्रम सञ्चालनमा आउन सकेको छैन । दुई वर्ष अगाडि परिवारबाट अपहेलित भएका वृद्धवृद्धालाई राख्नका लागि निर्माण भएको वृद्धाश्रम सञ्चालनमा आउन नसकेको हो । निर्माण सम्पन्न भएको लामो समयसम्म पनि भवन सञ्चालन नहुँदा वरपर झाडी पलाएर ढाकिएर बेवारिसेजस्तै बनेको छ।

आश्रम निर्माणका लागि निर्माण कम्पनीले विसं २०७९ पुस ८ गते सम्झौता गरी काम सुरु गरेको थियो। निर्माण कम्पनीले विसं २०८० असार २५ गते काम सम्पन्न गरेको थियो । नगरपालिकाको रु दुई करोड २६ लाख ५४९ मा निर्माण भएको सुविधायुक्त आश्रम बनेको हो । भवन एक तलाको भए पनि सुविधायुक्त रहेको छ।

बागलुङ नगरपालिकाका प्रमुख वसन्तकुमार श्रेष्ठले परिवारबाट तिरस्कारमा परेका वृद्धवृद्धाको संरक्षणका लागि वृद्धाश्रम निर्माणको भन्दै अहिलेसम्म कोही पनि वृद्धवृद्धा आश्रय लिन नआउँदा सञ्चालनमा नभएको बताए । करोडौँ खर्चिएर बनाएको संरचनालाई प्रयोग नगरी छोड्नुभन्दा केही समयका लागि मानवसेवा आश्रमलाई सञ्चालन गर्न दिने कार्यपालिकाले निर्णय गरेको उनको भनाइ छ।

नगरप्रमुख श्रेष्ठले भने-"कोही पनि बाबाआमा आश्रममा बस्नु नपरोस्, सुखद् भनौँ अहिलेसम्म हाम्रो सम्पर्कमा परिवारबाट हेलामा परे भनेर कोही पनि आउनुभएको छैन, नगरपालिकाले हेलामा परेका वृद्धवृद्धालाई संरक्षण गर्ने उद्देश्यले यो आश्रम बनाएको हो, यसलाई अब प्रयोग गर्नुपर्छ भन्ने हिसाबले मानव सेवा आश्रमलाई दिने निर्णय भएको छ।"

वृद्धआश्रम नजिकै मानवसेवा आश्रमको भवन निर्माणाधीन छ । उक्त भवन नबन्दासम्म वृद्धआश्रम प्रयोग गर्न दिने उनी बताउँछन् । झाडीले ढाकिएको भवनलाई नगरपालिकाले केही समयमै व्यवस्थित बनाउने प्रमुख श्रेष्ठको भनाइ छ । उक्त भवनको संरक्षणका लागि घेराबार गर्ने, फोहर व्यवस्थापनलगायतका काम गर्ने उनले जनाए। यदि कोही वृद्धवृद्धा आश्रय लिन आए राम्रो सुविधा दिएर राख्ने श्रेष्ठले बताए।

निरयघाटमा रहेको जङ्गेश्वर महादेव लक्ष्मीनारायण गुठीको पाँच रोपनी जग्गामा आश्रम निर्माण भएको छ। भवनमा ध्यान केन्द्र, नर्सिङ सेन्टर, भान्सासहित भवनमा २० कोठा रहेको बागलुङ नगरपालिकाका इञ्जिनियर सोबिन घर्तीले जानकारी दिए। भवनमा वृद्धवृद्धाका लागि शौचालय, स्नानगृह रहेको उनको भनाइ छ।

बागलुङ नगरपालिका-१ का स्थानीय बालकृष्ण आचार्यले वृद्धआश्रम सञ्चालन नहुँदा राम्रो ठूलो रकम नोक्सान भइरहेको जनाए।

निर्माण सम्पन्न भएको दुई वर्षसम्म सञ्चालन नहुनु दुःखद् विषय भएको भन्दै नगरपालिकाले कुनै प्रयोजनका लागि भए पनि प्रयोग गर्नु पर्ने सुनाए। नयाँ भवन प्रयोग नहुँदै झ्यालढोका टुट्न फुट्न लागेको उनको भनाइ छ।

# नरैनापुरमा नवीकरणीय ऊर्जा उत्पादनबारे छलफल

नेपालगञ्ज (बाँके) । नरैनापुर गाउँपालिकामा नवीकरणीय ऊर्जा उत्पादनको सम्भावनाबारे भारतीय लगानीकर्तासँग छलफल गरिएको छ।

नरैनापुर गाउँपालिकाका अध्यक्ष इश्तियाक अहमद शाहले भारतीय लगानीकर्तासहित सरोकार भएका निकायसँग छलफल भइरहेको बताए । "नवीकरणीय ऊर्जा उत्पादनको सम्भावनाबारे लगानीकर्तासँग छलफल भइरहे पनि हालसम्म निष्कर्षमा भने पुगेका छैनौँ ।"-उनले भने ।

स्थानीय तहले एकीकृत रूपमा जग्गा उपयोग गरी नयाँ परियोजना कार्यान्वयनमार्फत् आम्दानीको स्रोत बढाउने उद्देश्यले भारतीय लगानीकर्तासँग सहकार्य गर्न खोजिएको उनले उल्लेख गरे । नरैनापुर-२ र ४ मा जग्गाको व्यवस्थापन गर्न सकिने जनाउँदै अध्यक्ष शाहले लगानी गरेपछि त्यसको परिणाम आउने गरी काम गरिने जानकारी दिए।

लुम्बिनी प्रदेशसभाका सांसद कृष्ण केसी, खजुरा गाउँपालिका-२ का वडाध्यक्ष धनराम ओली, सौर्य ऊर्जाका विज्ञ भरत विश्वकर्मालगायतको सहभागितामा भारतीय लगानीकर्तासँग नयाँ परियोजना कार्यान्वयनका सम्बन्धमा छलफल गरिएको नरैनापुर गाउँपालिकाले जनाएको छ।

नरैनापुरसहित बाँकेलाई आधार बनाएर सोलार प्रणालीबाट सौर्य ऊर्जा उत्पादन गर्न करिब रु ७० करोड लगानी लाग्ने भन्दै उक्त लगानी गर्न इच्छुक रहेको भारतीय लगानीकर्ता रोहनराज हेडजेले बताए । सरकारीस्तरबाट सहज रूपमा समन्वय भए निकट भविष्यमा नरैनापुरबाट सौर्य ऊर्जा उत्पादन गरी योगदान दिने उनले उल्लेख गरे । उक्त परियोजनामार्फत सुरुमा १० मेगावाटका दरले वार्षिक एक करोड ७६ लाख १० हजार युनिट बिजुली उत्पादन गरी सिधैँ ग्रिडमा जोड्ने योजना रहेको हेडजेले जानकारी दिए।

नवीकरणीय ऊर्जा अनुदान नीति, २०७८ अनुसार व्यावसायिक प्रयोजनमा एक हजार ५०० पिकवाट क्षमताभन्दा बढी र घरायसी प्रयोजनमा पाँच सय पिकवाट क्षमताभन्दा बढीका सौर्य ऊर्जा प्रणाली जडान गर्न पाँचवर्षे मासिक किस्तामा बैंक ऋण पाइने सुविधा छ । यसरी ऋण लिँदा व्यावसायिक प्रयोजनमा ब्याजको ५० प्रतिशत र घरायसी प्रयोजनमा ब्याजको ७५ प्रतिशत रकम अनुदानस्वरूप बैंकमार्फत् उपलब्ध गराउनुपर्ने प्रावधान छ।

# समुदाय-प्रहरी साझेदारी समितिलाई पुनर्गठन

नवलपरासी । जिल्ला प्रहरी कार्यालय नवलपरासी पश्चिमको आयोजनामा समुदाय-प्रहरी साझेदारी समितिलाई पुनर्गठन गरिएको छ। समुदाय-प्रहरी साझेदारी अवधारणा पत्र अनुरुप प्रमुख जिल्ला अधिकारी हिरालाल रेग्मीलाई समितिको संयोजक चयन गरिएको छ।

जसको सह-संयोजकत्व जिल्ला प्रहरी कार्यालय नवलपरासी का प्रमुख प्रहरी उपरीक्षक ज्ञानेन्द्रप्रसाद फुयाल रहेका छन् । समितिको सल्लाहकारमा जिल्ला समन्वय समितिका प्रमुख भगौती यादव र रामग्राम नगरपालिकाका नगरप्रमुख धनपत यादव रहेका छन् । समितिका अन्य सदस्यहरुमा जिल्लास्तरीय विभिन्न संघसस्था तथा सरोकारवाला निकायहरुबाट पच्चिस (२५) जना प्रमुख तथा प्रतिनिधि सदस्यीय रहने गरी समुदाय-प्रहरी जिल्ला समितिको पुनर्गठन गरिएको हो।

उक्त कार्यक्रममा विगतमा समुदाय-प्रहरी साझेदारी कार्यक्रमअन्तर्गत भए गरेका कार्यक्रमहरुका सम्बन्धमा समिक्षा गरी पुनर्गठित समितिले आगामी दिनहरुमा अपराध नियन्त्रण तथा अनुसन्धानमा सहयोग तथा समाजमा शान्ति, सुरक्षा अमन-चयन कायम गर्न कृयासील रहने निर्णय गरिएको छ । समितिमा अबद्ध सम्पूर्ण संघसस्था तथा सरोकारवाला निकायहरुको सक्रियता आवश्यक रहेको, साथै सामुदायिक कार्यक्रमहरुको योजना, समन्वय तथा मूल्याङ्कनलगायतका विषयहरुमा अन्तर्क्रिया, छलफलमार्फत् पालिका, वडास्तरसम्म, विद्यालय तथा टोलस्तरसम्म समुदाय प्रहरी साझेदारी कार्यक्रमलाई थप प्रभावकारी रुपमा कार्यान्वयनमा लौजाने निर्णय गरिएको छ । बैठकमा प्रहरी उपरीक्षक ज्ञानेन्द्रप्रसाद फुयालले कार्यक्रममा समुदाय र प्रहरीको सम्बन्धलाई थप प्रगाढ बनाउनु पर्ने विषयमा समेत प्रकाश पारेका थिए । बैठकमा शिक्षा विकास तथा समन्वय इकाई प्रमुख महेन्द्र सुवेदी, नेपाल पत्रकार महासंघका अध्यक्ष केशव पराजुलीलगायतले समुदाय-प्रहरी साझेदारी कार्यक्रमका बारेमा आ-आप्ना धारणा प्रस्तुत गरेका थिए । बैठकमा प्र.ना.उ वीरदत्त पन्तले सहजी करण गरेका थिए।

**शिक्षामन्त्रीले...**

मन्त्री भट्टराईले शिक्षकसँगको सहमतिका लागि ७ बुँदे प्रस्ताव समेत तयार पारेकी थिइन्।

इसीडीका शिक्षकको तलब १७ हजार ३०० बनाउने, सामाजिक सुरक्षा कोषको नयाँ प्याकेज बनाउने, दुर्गम भत्ता उपलब्ध गराउने, ग्रेड समायोजन, मर्यादा क्रम कायम गर्ने, हाललाई निजामती अस्पतालबाट शिक्षाको उपचारमा छुटको व्यवस्थालगायतका विषय उनको ७ बुँदामा तयार थिए।

यसबारे मन्त्री भट्टराई मन्त्रिपरिषद्मा लगेर शिक्षकको समस्या समाधान गर्नेगरी सोचेकी पनि थिइन् । यद्यपि, लगातारका दबाब थेग्न नसक्दा राजीनामा दिने अवस्थामा पुगेको मन्त्रालयका उनी निकट एक अधिकारीले दाबी गरे।

तर मन्त्री भट्टराईले आफ्नो राजीनामाको अन्य कारण भने सार्वजनिक गरेकी छैनन् । भट्टराईले आफू निकटस्थहरूसँग केही दिनदेखि काम गर्न कठिन भएको गुनासो गरिरहेकी थिइन्।

**प्रदेश...**

-उनले भने । प्रदेशलाई संघ र स्थानीय सरकारबिच समन्वयकर्ताको भूमिकामा रुपमामात्रै राख्नुपर्ने उनको भनाइ थियो।

लोकतान्त्रिक गणतन्त्रको नाममा अहिले भइरहेको अभ्यास साँचो अर्थमा लोकतन्त्र नभएका वाग्लेको आरोप छ।

'लोकतन्त्रका विभिन्न मर्महरु हुन्छन्, आवधिक निर्वाचन त एउटा कर्मकाण्डी कुरा मात्र हो,' वाग्लेले भने-'लोकतन्त्रको साँचो मर्म विधिको शासन, शक्ति पृथकिकरण र मौलिक हक अधिकारको प्रत्याभूति हो, तर पुराना दलहरुले यी सबै निमोठेर ५-५ वर्षमा हुने आवधिक निर्वाचनलाई नै लोकतन्त्र हो भन्ने भाष्य निर्माण गरेका छन्, त्यो होइन।'

सुशासन नभई सही आर्थिक नीति कार्यान्वयन नहुने पनि वाग्लेले औंल्याए।

'अर्थतन्त्रलाई गति दिन नसक्नुका पछाडि राजनीति र कुशासन कारण हुन्,' वाग्लेले भने-'अर्थतन्त्र शिथिलता र संकटको बीचमा छ, हामीले अपनाएको अर्थतन्त्रको मोडेलमै रिथिंक गर्नुपर्ने छ।'

राज्यको आम्दानी रेमिट्यान्समा निर्भर हुनु, उपभोग जति आयातबाट हुनु र लगानी जति घरजग्गामा हुनु दीगो अर्थतन्त्र नहुने पछिल्ला ५-७ वर्षमा स्पष्ट भएकाले अर्थतन्त्रको मोडलमै परिवर्तन गर्नुपर्ने वाग्लेको तर्क छ।

भैरहवामा अन्तर्राष्ट्रिय विमानस्थल बने पनि सरकारको कमजोरीले चल्न नसकेको वाग्लेले टिप्पणी गरे। बुद्धजन्मस्थल लुम्बिनीलाई पोखरासँग जोडेर पर्यटन विकास गर्न सकिने वाग्लेले सुझाए । विमानस्थल सञ्चालनका लागि प्रधानमन्त्री तहबाट भारतीय समकक्षीसँग कुटनीतिक वार्ता हुनुपर्नेमा हुन नसकेको टिप्पणी समेत गरे।

'लुम्बिनी जस्तो ग्लोबल ब्राण्ड हामीसँग छ, तर यसबाट फाइदा लिन सकेका छैनौं,' वाग्लेले भने-'विमानस्थल नचल्दा व्यवसायीले भोगेको पीडा संसदमा उठाउंछौं।'

कार्यक्रममा बैंकर्स अनिलकेशरी शाहले वर्तमान आर्थिक अवस्थाका कारण निजी क्षेत्र निराश हुने अवस्था भए पनि निराश हुन जरुरी नरहेको बताए । 'भैरहवामा अन्तर्राष्ट्रिय विमानस्थलको निर्माणले निजी क्षेत्र आशावादी बनेको हो,' उनले भने-'अहिले विमानस्थल बनेको छ, जहाज पनि आउला, त्यसका लागि इच्छाशक्ति भएको नेतृत्व जरुरी छ।' अहिले राजनीतिमा मात्र नभएर पेसागत र निजीक्षेत्रमा समेत नेतृत्व अभाव खटकिएको उनले बताए।

रास्वपा सांसद मनिष झाले मुलुक कसरी निर्माण गर्ने भन्ने विषयमा छलफल नै नभइरहेको बताए । 'पूर्वाधारको सम्भाव्यता अध्ययनमै समस्या हुने गरेको छ,' उनले भने-'नेताको प्रभावमा संरचना निर्माण गरिन्छ ।' पूर्वाधार निर्माणको प्रक्रियामै ढिलाइ गर्ने परम्पराले रहेको उल्लेख गर्दै उनले निजी क्षेत्रसित समन्वयमा कमी हुँदा कार्यान्वयनमा समस्या हुने गरेको संसाद झाले बताए । 'भैरहवा विमास्थलको उद्घाटनका लागि मात्र हतार गरियो,' उनले भने-'तर, विमान चलाउन आवश्यक प्राविधिक तयारी गर्दै गरिएन।'

गोष्ठीमा रास्वपा सांसद गणेश पराजुलीले लुम्बिनीलगायत मुलुकका विभिन्न क्षेत्रको औद्योगिक अवस्थाबारे जानकारी गराएका थिए । चिकित्सक लेखजंग थापाले लुम्बिनी प्रदेशमा स्वास्थ्य क्षेत्रको अवस्था र सम्भावनाबारे भनाइ राखेका थिए । सामाजिक अगुवा ज्ञानु पौडेलले लुम्बिनीको आर्थिक-सामाजिक क्षेत्रबारे भनाइ राखेकी थिइन्।

हक्काइडो नेपाल सेन्टरले आयोजना गरेको लुम्बिनी उद्यमी गोष्ठीमा संस्थाका संस्थापक अर्जुन अधिकारीले गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालन हुन नसक्नु विडम्बना भएको बताए। 'विमानस्थल सञ्चालनका लागि नीतिगत र कुटनीतिक पहल जरुरी छ', उनले भने-'यसमा काम गर्नुपर्छ।' उनले लुम्बिनी क्षेत्रको आर्थिक विकास र लगानी योग्य क्षेत्रलाई उजागर गर्न प्रयासरत रहेको जनाए।

आफूले लुम्बिनी क्षेत्रमा केही नयाँ काम गर्न चाहेकाले विज्ञको सहभागितामा कार्यक्रम आयोजना गरेको उनले बताए । यस्ता बहस र गोष्ठीले लगानीयोग्य क्षेत्रको पहिचान गर्ने, सम्भावनाको उजागर गर्ने र लगानीकर्तालाई उत्प्रेरित गर्ने उनको भनाइ छ। गोष्ठीमा रुपन्देहीका निजी क्षेत्रका अगुवा र उद्योगीको सहभागिता रहेको थियो।

**Lumbini Province Government**
**Ministry of Physical Infrastructure Development**
**Transport Infrastructure Directorate**
**Road Infrastructure Development Office**
**Arghakhanchi**

**Re-Invitation for Sealed Quotation**

Date of publication: 22th April, 2025 (2082-01-09)

Road Infrastructure Development Office (RIDO), Arghakhanchi re-invites electronic sealed quotations from eligible bidders under PPMO's e-GP system www.bolpatra.gov.np/egp for following work. All other information and Bid Document for Sealed Quotations can be downloaded from PPMO's e-GP system www.bolpatra.gov.np/egp.

***Information to deposit the cost of bidding document (NRs: 1000) in Bank:***
Name of the Bank: Rastriya Banijya Bank Ltd., Sandhikharka, Arghakhanchi
Name of the Office: Road Infrastructure Development Office, Arghakhanchi
Office Code No: 3370151015 (Dharauti and Rajaswa)
Rajaswa Shrishak No: - 14229; Rajaswa Account No.: 1000200010000
Last Date of Bid Purchase and Submission: 7th May, 2025 (2082-01-24)12:00 Hrs.

| SN | Name of Project/Contract No. | Estimated Amount Excluding VAT | Bid Security Amount with Validity up to 21th July, 2025(NRs.) |
|---|---|---|---|
| 1 | Procurement of Tools and Safety Gears for Routine Maintenance /RIDO-ARG-G-SQ-144-2081/082 | 5,60,575.00 | 15,000 |
| 2 | Pokhara Dekhi Bastari Basnet Tole samma Goreto bato Dhalan Tatha Marmat Sambhar Malarani 05/RIDO-ARG-W-SQ-153-2081/082 | 4,42,437.47 | 12,000 |

**Malarani Rural Municipality**
**Khanadaha, Arghakhanchi**
**Lumbini Province, Nepal**

**Invitation for Bids**

Date of publication: 22-April, 2025 (2082/01/09)

Malarani Rural Municipality, Khanadaha Arghakhanchi invites electronic Sealed Quotations /Bids from eligible bidders for the procurement of goods as mentioned below:

| IFB No. | Contract Name | Identification No | Bid Document Fee (NPR) | Bid security Amount (NPR) | Last Date of Bid Submission |
|---|---|---|---|---|---|
| 1 | Procurement and Supply of Medicine for Malarani Rural Municipality | MRM/G/SQ/ 2081/082/25 | 1000.00 | 20,000.00 | 07/05/2025 12:00 (2082/01/24) |

For more details, please visit PPMO website: www.bolpatra.gov.np/egp. or www.malaranimun.gov.np.or scan the QR code for full notice.

**रामपुर साना शहरी खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था**
**रामपुर नगरपालिका-५, पाल्पा, नेपाल**

**साधारण सभामा उपस्थित भइदिनेबारे सूचना।**

श्रीमान् उपभोक्ता सदस्य ज्यू,
रामपुर पाल्पा, नेपाल।

यस रामपुर साना शहरी खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाको आठौं बार्षिक साधारण सभा तथा तेस्रो अधिबेशन निम्न मिति, स्थान र समयमा हुने भएकोले यहाँको उपस्थितिका लागि हार्दिक अनुरोध गरिन्छ।

मितिः २०८२ बैशाख १२ गते शुक्रबार
स्थानः होटल न्यू श्रीनगर सभा हल .पा. ५ बेझाड
समयः दिनको ११:३० बजे

**शालिकराम सिग्देल**
सचिव

**राजु प्रसाद श्रेष्ठ**
अध्यक्ष

**ट्वाइलेट सफा गराउनुहोस्**

**तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।**

- ट्वाइलेट, बाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्क:
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

**ट्वाइलेट सफा गराउनुहोस्**

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।

सम्पर्क:
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रुपन्देही,
फोन: ९८५७०५८८१३,९८०७१८०८१३

**ट्वाइलेट सफा गराउनुहोस्**

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

दैनिक लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

# प्राङ्गारिक मललाई प्रोत्साहन जरूरी : कृषिमन्त्री

बुटवल । कृषि तथा पशुपंक्षी विकास मन्त्री रामनाथ अधिकारीले नेपालमा मलको अभाव हटाउन जरुरी रहेको बताएका छन् । मल अभाव हटाउन अनुदानमा केही कटौती गर्ने र प्राङ्गारिक मल प्रयोगलाई प्रोत्साहन गर्न जरुरी रहेको उनले जनाए । सोमबार रुपन्देहीको मर्चवारमा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन इकाई, रुपन्देहीद्वारा निर्माण भएको गहुँजोनको निरीक्षणका क्रममा स्थानीयले मल अभावले दुःख पाएको जनाएपछि मन्त्री अधिकारीले मल अभाव हटाउन आफू लागिपरेको बताएका हुन् ।

उनले नेपालमा वार्षिक ११ लाख मेट्रिकटन मल माग रहे पनि सरकारले जम्मा ४ लाख ५० हजार मेट्रिक टन मात्रै आयात गरिरहेको बताउँदै अब अनुदान कटौती गरेर भए पनि मल आयात बढाउन जरुरी रहेको बताए। 'धेरै अनुदान दिएर स्वयं राज्यले नै मलको हाहाकार गराइरहेको छ', उनले भने-'अनुदान नदिए मूल्य बढ्ने, मन्त्रीले कमिसन खायो भन्ने आरोप आउने ।' अधिकारीले अनुदान दिँदा मल अभाव हुने समस्या देखा परिरहेको जनाए ।

'हामीले छुट्याउने बजेटबाट धेरै मल किन्न अनुदान केही कटौती गर्नुपर्छ। थोरै भए पनि अनुदान घटउँदा मल आयात बढ्छ ।'- उनले भने । मन्त्री अधिकारीले मर्चवार क्षेत्र कृषिका लागि उर्बरभूमि रहेको बताउँदै यहाँ मल र सिँचाइ सुविधा भए कृषि क्षेत्रमा थप टेवा पुग्ने विश्वास व्यक्त गरे । सिँचाइ सुविधा र मल अभाव हटाउनका लागि आफूले पहल गर्ने मन्त्री अधिकारीले आश्वासन दिए ।

मन्त्री अधिकारीले अबको बजेटमा कम्तिमा प्राङ्गारिक मलका लागि १५ प्रतिशत भए पनि बजेट छुट्याउन पहल गर्ने जनाए । उनले कृषि क्षेत्रको आधुनिकीकरणमा प्रधानमन्त्री कृषि परियोजनाले महत्वपूर्ण योगदान दिएको दाबी गरे।प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाका परियोजना निर्देशक बैकुण्ठ अधिकारीले परियोजनाको प्रभावकारिताको अध्ययन गर्न मन्त्रीसहित संघीय संसदको कृषि तथा सहकारी समितिको टिम अवलोकनमा आएको बताए ।

प्यूठान, दाङ, कपिलवस्तु र रुपन्देहीमा परियोजना कार्यान्वयनको अवस्था र प्रभावकारिताको अवलोकन गरिएको उनले जनाए । उनले अध्ययन र अवलोकनपछि संसदीय समितिले आवश्यक रायसुझाव दिने र मन्त्रालय र परियोजनाले त्यसको कार्यान्वयन गरेको बताए ।

मन्त्री अधिकारी र संसदीय समितिको टोलीले परियोजना कार्यान्वयन भएका रुपन्देहीका विभिन्न स्थानको अवलोकन गरेको थियो । यो टोलीले विगत पाँच दिनदेखि परियोजना कार्यान्वयन भएका जिल्लाहरुको भ्रमण गरिरहेको छ । मर्चवारमा भएको छलफलमा स्थानीय कृषकहरुले विगतमा गहुँको बिउका लागि भारतीय बजार धाउनुपर्नेमा गहुँजोन सुरुपछि सहजता भएको जनाएका थिए । मल र सिँचाई अभाव नहुने हो भने कृषिमा मर्चवारले फड्को मार्ने उनीहरुको भनाइ थियो ।

मणिमुकुन्द कप भलिबलः

# गण्डकीसँग कोशी प्रदेश पराजित




तिलोत्तमा । तिलोत्तमामा जारी १०औं मणिमुकुन्द कप पुरूष इन्डो नेपाल क्लब च्याम्पियनसिप भलिबल प्रतियोगिताको तेस्रो दिनको पहिलो खेलमा गण्डकी प्रदेश भलिबल संघ विजयी भएको छ । गण्डकीले कोशी प्रदेश भलिबल संघलाई ३-० को सोझो सेटमा पराजित गरेको हो ।

योगीकुटी-वनबाटिका मार्गमा तिलोत्तमा क्याम्पसछेउको क्लबको आफ्नै खेल मैदानमा सोमबार भएको खेलमा गण्डकीले कोशीलाई पहिलो सेट २५-१७, दोस्रो सेट २५-१३ र तेस्रो सेट २५-२२ अंकले पराजित गरेको प्रतियोगिता संयोजक सुरेन्द्र गुरूङले जानकारी दिए ।

यस क्षेत्रमै पहिलोपटक आयोजना भएको रात्रिकालीन भलिबल प्रतियोगिताको पहिलो दिनका खेलमा साग भलिबल एकेडेमी गुजरात र गल्कोट भलिबल क्लब विजयी भएका थिए। दोस्रो दिनका खेलमा नेपाल पुलिस क्लब र त्रिभुवन आर्मी क्लब विजयी भएका थिए ।

आज मंगलबार पहिलो खेल आयोजक मणिमुकुन्द भलिबल क्लब र एपीएफबिच दिउँसो ५ बजे तथा दोस्रो खेल पुलिस र कोशी प्रदेशबिच साँझ ७ बजेदेखि सुरु हुने आयोजक क्लबका निवर्तमान अध्यक्ष मिलन रानाले जानकारी दिए ।

प्रतियोगितामा प्रथम हुनेले नगद रु ३ लाख ११ हजार एक सय ११, दोस्रो हुने टिमले नगद २ लाख ११ हजार एक सय ११ रुपैयाँ, तेस्रो हुनेले १ लाख ११ हजार एक सय ११ रुपैयाँ तथा कप, मेडल र प्रमाणपत्र पाउने छन् । सान्त्वना हुने टिमले ६६ हजार ६ सय ६६ रुपैयां तथा कप र प्रमाणपत्र हात पार्ने छन् ।

प्रतियोगितामा उत्कृष्ट खेलाडीले १५ हजार, बिधागततर्फ ६ जना खेलाडीहरूलाई नगद रु १० हजारका दरले नगद र मेडल, प्रमाणपत्रले पुरस्कृत गरिने छ ।

बैशाख १३ गतेसम्म सन्चालन हुने प्रतियोगितामा पाकिस्तान, इरान र भारतका खेलाडीको सहभागिताले खेल रोमाञ्चक भइरहेको आयोजक क्लबका अध्यक्ष लोकेन्द्र भण्डारीले बताए ।

# 'शैक्षिक गुणस्तरमा पामिरको फड्को'




तिलोत्तमा । पामिर इन्टरनेशनल एकेडेमीले वार्षिक शैक्षिक क्यालेण्डर सोमबार सार्वजनिक गरेको छ । २०८२ सालको शैक्षिक क्यालेण्डरमा बिदा, परीक्षासम्बन्धी जानकारी, अतिरिक्त शैक्षिक कार्यक्रमलगायत विद्यालयले वार्षिक रुपमा आयोजना गर्ने शैक्षिक गतिविधिहरु समेटिएको छ ।

सोमबार एक कार्यक्रमकाबिच विद्यालय सञ्चालक समितिका अध्यक्ष मोहन चापागाईं, प्राचार्य गोपाल गौतमलगायत शिक्षकहरुले संयुक्तरुपमा क्यालेन्डर सार्वजनिक गरेका थिए । नयाँ शैक्षिक सत्र शुभारम्भको दिन पारेर क्यालेन्डर सार्वजनिक गरिएको हो ।

त्यस अवसरमा विद्यालयका अध्यक्ष चापागाईंले पामिर एकेडेमीले शैक्षिक गुणस्तरमा निरन्तर फड्को मार्दै गएको र विद्यार्थी तथा अभिभावक यहाँको शैक्षिक वातावरण र क्रियाकलापप्रति आकर्षित भएको बताए । उनले विद्यार्थीहरुको अतिरिक्त ज्ञान र सिर्जनात्मक पक्षलाई विद्यालयले प्राथमिकताका साथ अगाडि बढाएको औंल्याए । विद्यालयका प्राचार्य गोपाल गौतमले व्यावहारिक र प्रयोगात्मक सिकाइमार्फत् शैक्षिक क्रियाकलाप अगाडि बढाउँदै लगिएको बताए । आगामी दिनमा शैक्षिक गुणस्तरलाई थप वृद्धि गर्दै लगिने पनि उनले जानकारी दिए ।

# रैथाने बालिमा पोषण हुन्छ : मुख्यमन्त्री

बुटवल । लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले पोषणयुक्त खानपान र स्वस्थ जीवनशैलीका लागि प्रदेश सरकारले विशेष ध्यान दिएको बताएका छन् । 'समतामूलक, उत्थानशील तथा दिगो खाद्य प्रणाली उन्मूख नेपाल : स्वच्छ र पोषणयुक्त खाद्यमा सबैको पहुँच' भन्ने मूल नाराका साथ आयोजित खाद्य प्रणाली संवाद कार्यक्रममा मुख्यमन्त्री आचार्यले रैथाने खाद्यान्न बालिमा पोषणको मात्रा अधिक रहेको भन्दै रैथाने बालिको संरक्षण, सम्बर्द्धन र प्रयोगमा आधारित नीति लिइने बताए ।

उनले खेती प्रणालीलाई अर्गानिक बनाउनुपर्नेमा पनि जोड दिए । 'रैथाने बालिको संरक्षण, उत्पादन र प्रयोग गर्न सरकारले नीति निर्माण गर्नेछ । पोषण प्रवर्धन एक्लो प्रयासले सम्भव हुँदैन । यसमा तीन तहका सरकार, सामाजिक संघ-संस्था र समुदायको सहभागिता आवश्यक छ ।'-मुख्यमन्त्री आचार्यले भने ।

उनले विशेष योजना बनाएर जनताको घरदैलोमा पुग्न जरुरी रहेको र विद्यालय तहमा यसलाई अभियानका रूपमा लैजानुपर्ने उल्लेख गरे । मकै, गहुँ, जौं, फापर, कोदोजस्ता रैथाने बालि ओझेलमा परेको भन्दै संरक्षण, प्रवर्धन र प्रयोगमा आधारित नीति आवश्यक भएको उनले धारणा राखे ।

प्रदेशमा नसर्ने रोगको अवस्था बढ्दो रहेको र यसले चिन्ता थपेको भन्दै विषादी प्रयोग नगरी खाद्यान्न तथा तरकारी उत्पादनलाई प्राथमिकता दिइने उनले स्पष्ट पारे। लुम्बिनी प्रदेशमा कुपोषणको अवस्था बढ्दो रहेको, मातृ मृत्यु दर, बाल मृत्यु दर र बाल विवाहजस्ता समस्या उच्च हुनु चिन्ताको विषय भएको र सुधारका लागि सरकार प्रतिबद्ध रहेको मुख्यमन्त्रीले आचार्यले बताए ।

लुम्बिनी कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयका उपसचिव घनश्याम चौधरीले प्रदेश खाद्यान्न, माछा, मासु र दूधमा आत्मनिर्भर भए पनि अन्य क्षेत्रमा अझ सुधार आवश्यक रहेको उल्लेख गरे । चौधरीका अनुसार लुम्बिनीमा पुड्कोपनाको अवस्था २५ प्रतिशत, ख्याउटेपना १६ प्रतिशत, कमतौल २३ प्रतिशत तथा पाँच वर्षमुनिका बालबालिकामा रक्तअल्पता ४९ प्रतिशत रहेको छ। प्रजनन उमेर (१५-४९ वर्ष) समूहका महिलामा पनि ४४ प्रतिशतमा रक्तअल्पता देखिएको छ ।

कार्यक्रममा राष्ट्रिय योजना आयोगका शाखा अधिकृत चन्द्रप्रकाश बस्नेतले प्रस्तुत गरेको तथ्यांक अनुसार नेपाल विश्व खाद्य जोखिम सूचकांकमा १२औं स्थानमा रहेको छ । उनका अनुसार हाल नेपालमा कुल जनसंख्याको ५७ प्रतिशत मात्र खाद्य सुरक्षाको अवस्था पुगेको छ भने बाँकी आंशिक वा पूर्ण रूपमा खाद्य असुरक्षाको जोखिममा छन् ।

पूर्व स्वास्थ्यमन्त्री तथा प्रदेशसभा सदस्य विष्णुप्रसाद पन्थीले विषाक्त खाद्य र पत्रु खानाले मानव स्वास्थ्यमा समस्या उत्पन्न गराएको भन्दै पोषणयुक्त खानाको मात्रा सुनिश्चित गर्नुपर्ने बताए।

डब्लुएचएचका कन्ट्री डाइरेक्टर शकिब नबी, जिल्ला समन्वय समिति महासंघ लुम्बिनीका अध्यक्ष द्रोण खत्री, गाउँपालिका महासंघका सदस्य भक्तबहादुर जिसीले पोषण सुधारका लागि सरकारी तथा गैरसरकारी सहकार्य अपरिहार्य रहेकोमा जोड दिए ।

नेपाल उद्योग वाणिज्य महासंघ लुम्बिनी प्रदेशका अध्यक्ष कृष्णप्रसाद शर्माले गुणस्तरीय र पोषणयुक्त उत्पादनमा ध्यान दिनुपर्ने धारणा राखे । गैरसरकारी संस्था महासंघ लुम्बिनीकी अध्यक्ष जितकुमारी बेल्वासे ले किशोरीहरूमा कुपोषणको अवस्था बढ्दो रहेको भन्दै तिनीहरूलाई लक्षित पोषण नीति आवश्यक रहेको बताए । नेपाल पत्रकार महासंघ लुम्बिनी प्रदेशका अध्यक्ष शुक्रऋषि चौलागाईं, प्रदेश योजना आयोगका सचिव खिमबहादुर कुँवर, योजना आयोगका सदस्य भुवन चौधरीले खाद्यान्न आयात बढ्दै गएको र उत्पादन वृद्धि सन्तुलित रूपमा अघि बढाउन आवश्यक रहेको बताए ।

# पत्रकार विश्वकर्मामाथि आक्रमण गर्नेलाई कारबाहीको माग

भैरहवा । एपी वान टेलिभिजनमा कार्यरत भैरहवाका पत्रकार राधेश्याम विश्वकर्मामाथि रुपन्देहीको मर्चवारमा तस्करहरुको समूहले सांघातिक आक्रमण प्रयास गरेको छ । सोमबार समाचार संकलनका लागि मर्चवार जाने क्रममा मायादेवी गाउँपालिका ६, मकरीमा तस्करहरुले आक्रमणको प्रयास गरेका हुन् । नेपाल पत्रकार महासंघ, रुपन्देही शाखाले पत्रकार विश्वकर्मामाथि आक्रमण प्रयास गर्ने तस्करहरुको समूहलाई कारबाहीको माग गरेको छ ।

महासंघका सचिव सीपी खनालले सोमबार विज्ञप्ति जारी गर्दै पत्रकार विश्वकर्मामाथि भएको दुर्व्यवहारप्रति ध्यानाकर्षण भएको जनाएका छन् । 'मिति २०८२ बैशाख ८ गते संघीय सरकारका कृषिमन्त्री रामनाथ अधिकारी सहभागी हुने कार्यक्रमको रिपोर्टिङ गर्न जाने क्रममा विश्वकर्मामाथि आफूलाई दीपेश यादव बताउने तस्करहरुको समूहले घेरा हाली सांघातिक आक्रमण गर्ने प्रयासले रुपन्देहीको सुरक्षामाथि नै प्रश्न उठाएको छ', महासंघले जारी गरेको विज्ञप्तिमा भनिएको छ-'सो समूहले भैरहवा-मर्चवार सडकमा भिडियो खिचिरहेका विश्वकर्माको क्यामेरा खोसेर तोडफोड गर्ने र फाइल डिलिट गर्न लगाउने कार्य प्रेस स्वतन्त्रतामाथिको गम्भीर उल्लंघन हो भन्ने हाम्रो ठम्याइ छ । सो समूहले घेरा हालिरहेको अवस्थामा आइपुगेका प्रहरी अधिकारीले पत्रकारको जिउज्यानको रक्षा गर्नुको साटो मुकदर्शक बन्नुले पनि सुरक्षा संयन्त्रको भूमिकाप्रतिसमेत शंका उत्पन्न गराएको छ ।'

महासंघले यस घटनामा संलग्न यादवसहितको समूहलाई कानुनी कारबाही गर्न, सञ्चारकर्मीले निर्बाध रुपमा समाचार संकलन गर्ने वातावरण तयार गर्न र क्षतिग्रस्त सञ्चारसामग्रीको क्षतिपूर्तिका लागि माग समेत गरेको छ। स्वतन्त्र प्रेसमाथि आक्रमण हुँदासमेत मुकदर्शक बन्ने सुरक्षा संयन्त्रका अधिकारीहरुमाथि समेत अनुसन्धान गरी कानुनी कारबाही गर्न समेत नेपाल पत्रकार महासंघले माग गरेको छ ।

यस्तै लुम्बिनी प्रेस क्लबका अध्यक्ष कमल रायमाझी र महासचिव प्रकाश न्यौपानेले विज्ञप्ति जारी गर्दै घटनाको भर्त्सना र निन्दा गरेका छन् । साथै विश्वकर्मामाथि आक्रमण प्रयास गर्ने तस्करहरुको समूहलाई कारबाहीको माग गरेका छन् ।

# भारत लैजाँदै गरेका चल्ला पक्राउ




नवलपरासी । नवलपरासी पश्चिम प्रहरीले पहिलो पटक नेपालबाट भारत जाँदै गरेको कुखुराका चल्ला पक्राउ गरेको छ । कर्णाली ह्याचरी उद्योग वीरेन्द्रनगर सुर्खेतबाट नवलपरासीको पाल्हीनन्दन गाउँपालिका ५ मा रहेको सना खातुन पोल्टी फर्ममा ल्याइएका उक्त चल्ला भारत लग्दै गर्दा जिल्ला प्रहरी कार्यालय पश्चिम नवलपरासी र विस्नुपुरा प्रहरी चौकीको गस्ती टोलीले पक्राउ गरेको हो ।

नवलपरासीका प्रहरी प्रमुख ज्ञानेन्द्र फुयालका अनुसार कर्णाली ह्चरी उद्योग वीरेन्द्रनगर सुर्खेतबाट पाल्हीनन्दन गाउँपालिका ५ मा रहेको सना खातुन फोल्टी फर्मको नाममा बिल काटेर ल्याइएको १० हजार २ सय कुखुराका चल्लामध्ये प्रहरीले भारततर्फ लग्दै गरेको ९० कार्टुनमा रहेका ५ हजार ४ सय चल्ला पक्राउ गरेको हो । प्रति चल्ला ३५ रुपैयाँ मूल्यमा ल्याएको बिलमा जनाइएको छ । यसअघि कुखुराका चल्ला भारतबाट नेपाल आउने गरेको भए पनि अहिले नेपालबाट भारत जाँदै गर्दा पक्राउ गरिएको हो ।

काटुनमा पैदल खेतहुँदै लग्दै गरेको चल्ला प्रहरीलाई देखेपछि लग्दै गरेका व्यक्तिहरुले चल्ला छाडेर भागेको प्रहरीले जनाएको छ। नवलपरासी पश्चिम प्रहरीले श्रावणदेखि अहिलेसम्म २ हजार १ सय ४३ कुखुराका चल्ला, १९ हजार २ सय १६ वटा अन्डा १ सय २० पेटी पक्राउ गरेको छ । पंक्षीजन्य पदार्थ ओसार परार गर्ने मोटरसाइकल २५ वटा र ९ जना व्यक्तिलाई पक्राउ गरेको प्रहरीले जनाएको छ। जसमा पक्राउ परेको सामानको मूल्य ३८ लाख ९१ हजार ५ सय ६४ रहेको छ। पक्राउ गरिएका चल्ला क्वारेन्टइन चेक पोस्टका प्रतिनिधिको उपस्थितिमा नस्ट गरिएको छ ।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोनः- ०७१५४२५७१

विद्यार्थी भर्ना अभियानमा सबैले योगदान गरौं
-विद्यालयले आ-आफ्नो सेवा क्षेत्रभित्रका अभिभावकलाई टेलिफोन, इन्टरनेट, रेडियो, टेलिभिजन तथा सामाजिक सञ्जालबाट सूचना प्रवाह गर्ने,
-अभिभावकविहीन बालबालिकाको अध्ययनमा सहयोग गर्ने व्यक्ति तथा संस्थाको पहिचान र उचित सम्मान गर्ने ।
-सामुदायिक सिकाई केन्द्रहरुले विद्यालय बाहिर रहेका बालबालिकाको लगत सकंलन गर्ने ।
-सार्वजनिक जीवनका व्यक्तिहरुले विद्यालय उमेर समूहका, सीमान्तकृत समूहका, अपाङ्गता भएका बालबालिकाका लागि विद्यालय भर्नाको पहल गरौं ।
-स्थानीय तहले भर्ना अभियानको नेतृत्व गर्ने ।
सबै बालबालिकाको विद्यालय सहभागिता, गुणस्तरीय शिक्षा प्राप्तिको सुनिश्चित ।
नेपाल सरकार विज्ञापन बोर्ड

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com